आज मिति २०७९ साल जेठ १३ गतेका दिन यस चौरपाटी गाँउपालिकाका नवनिर्वाचित अध्यक्ष श्री भिम बहादुर साउद ज्यूको अध्यक्षतामा नवगठित गाँउ कार्यपालिकाको प्रथम बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिती

१) अध्यक्ष श्री भिम बहादुर साउद
२) उपाध्यक्ष श्री सर देवी खड्का
३) वडा नं. ०१ का वडा अध्यक्ष श्री विरबहादुर थापा
४) वडा नं. ०२ का वडा अध्यक्ष श्री रण बहादुर साउद
५) वडा नं. ०३ का वडा अध्यक्ष श्री विरेन्द्र कुमार साउद
६) वडा नं. ०४ का वडा अध्यक्ष श्री लाल बहादुर धामी
७) वडा नं. ०५ का वडा अध्यक्ष श्री हिकर्ण खड्का
८) वडा नं. ०६ का वडा अध्यक्ष श्री डबल बहादुर खड्का
९) वडा नं. ०७ का वडा अध्यक्ष श्री ललितबहादुर कोटी
१०) कार्यपालिका सदस्य श्री कौशी कुमारी साउद
११) ,, ,, श्री राधादेवी साउद
१२) ,, ,, श्री कौशी कुँवर
१३) ,, ,, श्री भगवतिकुमारी उपाध्याय
१४) ,, ,, श्री भरत बहादुर विश्वकर्मा
१५) ,, ,, श्री जक्के कामी
१६) सदस्य सचिव प्र.प्र.अ. श्री धन बहादुर थापा

## आमन्त्रित

१) सिद्धराज जोशी सहायक-चौथो

## प्रस्तावहरु

१- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन सम्बन्धमा ।
२- स्थानीय राजस्व परामर्श समिति गठन सम्बन्धमा ।
३- बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा ।
४- विषयगत समिति गठन सम्बन्धमा ।
५- अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने सम्बन्धमा ।

क्रमशः

Date / /
Page No.

६- एम्बुलेन्स सेवा संचालन सम्बन्धमा ।
७- बैंक स्थापना सम्बन्धमा ।
८- टेलिफोन सेवा संचालन सम्बन्धमा ।
९- इमरजेन्सी सेवा संचालन सम्बन्धमा ।
१०- विद्युत सामाग्री खरिद सम्बन्धमा ।
११- सडक सरसफाई गर्ने सम्बन्धमा ।
१२- कर्मचारी भर्ना गर्ने सम्बन्धमा ।
१३- एक्साभेटर मर्मत गरि संचालन गर्ने सम्बन्धमा ।
१४- कानुनी सल्लाहकार सम्बन्धमा ।
१५- कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा ।
१६- आ.व. ०७३।०८ को गाउँ सभाको अधिवेशन तयारी सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. ०१, प्रस्ताव नं. ०१ माथि छलफल गर्दा गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सिमा निर्धारण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (६६) अनुसार देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने भन्ने निर्णय पारित गरियो ।

तपसिल

१- संयोजक श्री भिम बहादुर साउद (गा.पा. अध्यक्ष)
२- सदस्य श्री सरदेवी खड्का (गा.पा. उपाध्यक्ष)
३- ॥ श्री भरत बहादुर विश्वकर्मा
४- ॥ श्री राधादेवी साउद
५- ॥ श्री कौशी कुवर
६- ॥ श्री भक्ते कामी
७- सदस्य सचिव श्री धन बहादुर थापा

निर्णय नं. ०२, प्रस्ताव नं. ०२ माथि छलफल गर्दा गाउँपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (६५) अनुसार देहाय बमोजिमको राजस्व परामर्श समिति गठन गर्ने निर्णय पारित गरियो ।

Date / /
Page No.

तपसिल

१- संयोजक श्री सरदेवी खड्का (उपाध्यक्ष)
२- सदस्य श्री धन बहादुर थापा
३- ,, श्री कौसी कुमारी साउद
४- ,, श्री ~~लाल ब. धामी~~ विरेन्द्र कुमार साउद
५- ,, श्री कल्नान थापा
६- सदस्य सचिव श्री राम बहादुर कुँवर

निर्णय नं. ०३, प्रस्ताव नं. ०३ माथि छलफल गर्दा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (६७) अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय पारित गरियो ।

तपसिल

१- संयोजक श्री सरदेवी खड्का (उपाध्यक्ष)
२- सदस्य श्री रन ब. साउद
३- सदस्य श्री लाल ब. धामी
४- ,, श्री हिड्कली खड्का
५- ,, श्री ललित ब. ~~धामी~~ बोगटी
६- ,, श्री विर बहादुर थापा
७- ,, श्री धन बहादुर थापा
८- सदस्य सचिव श्री नर बहादुर खड्का

निर्णय नं. ०४ प्रस्ताव नं. ०४ माथि– चौरपाटी गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमलाई विषयगत क्षेत्र अनुसार योजनाको प्राथमिकरण गर्न देहाय बमोजिमको विषयगत समितिको देहायको सदस्यमा गठन गर्ने निर्णय पारित गरियो ।

तपसिल

क) आर्थिक विकास समिति

१- संयोजक श्री रण बहादुर साउद
२- सदस्य श्री कौशी कुंवर
३- ,, श्री भरत बहादुर विश्वकर्मा
४- ,, श्री नर बहादुर खड्का
५- सदस्यसचिव श्री पुष्पर मुल

ख) सामाजिक विकास समिति

१- संयोजक श्री लाल बहादुर थापा
२- सदस्य श्री भगवती कुमारी उपाध्याय
३- ,, श्री भरत बहादुर विश्वकर्मा
४- ,, श्री कमल साउद
५- सदस्य सचिव श्री रामचन्द्र जोशी

ग) पूर्वाधार विकास समिति

१- संयोजक श्री टिकर्ण खड्का
२- सदस्य श्री राधादेवी साउद
३- ,, श्री भक्ते कामी
४- ,, श्री लोकेन्द्र रावत
५- सदस्य सचिव श्री नर बहादुर खड्का

घ) वन, वातावरण तथा विपद व्यवस्थापन समिति

१- संयोजक श्री ललित बहादुर जोशी
२- सदस्य श्री टिकर्ण खड्का
३- ,, श्री कौशी कुंवर
४- ,, श्री कैलाश भट्ट
५- सदस्य सचिव श्री दिनेश बहादुर खड्का

ङ) सुशासन तथा संस्थागत क्षमता विकास समिति

१- संयोजक श्री विर ब. थापा
२- सदस्य श्री डबल खड्का
३- ,, श्री कौशी कुमारी साउद
४- ,, श्री मुकेश कुंवर
५- सदस्य सचिव श्री सिद्धराज जोशी

Date / /
Page No.

निर्णय नं. ५, प्रस्ताव नं. ०५ माथि छलफल गर्दा गाउँपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरीयताको अध्ययनमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि निम्नानुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय पारित गरियो।

तपसिल

१- संयोजक श्री परदेशी खड्का
२- सदस्य श्री कौली कुँवर
३- ,, श्री भरत बहादुर विश्वकर्मा
४- ,, श्री धन बहादुर थापा
५- ,, योजना रहेको सम्बन्धित वडाको वडा अध्यक्ष
६- सदस्य सचिव श्री नर बहादुर खड्का
७- सदस्य श्री लोकेन्द्र रावल

निर्णय नं. ०६, प्रस्ताव नं. ०६ माथि छलफल गर्दा चौरपाटी गाउँपालिकाले गाउँपालिकाका गरीबा नवजात शिशु तथा गर्भवती महिलाको औषधी उपचारको लागि एम्बुलेन्स सेवा संचालन गरेकोमा आगामी दिनमा उक्त सेवा अस्पताललाई सिफारिसमा सुदूरपश्चिम प्रदेशबाट निःशुल्क प्रदान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।

निर्णय नं. ०७, प्रस्ताव नं. ०७ माथि छलफल गर्दा चौरपाटी गाउँपालिकाको चौरपाटी अवस्थित रहेको श्री राष्ट्रिय वाणिज्य बैंकको बैंक शाखा विगत २०५२ देखी २०६३ सालसम्म भएको सशस्त्र द्वन्द्वका कारण विस्थापित भई चौरपाटी गाउँपालिकामा बैंक सेवाको समस्या रहि बैंक सेवा प्रभावकारी नभएकोले चौरपाटी गाउँपालिकामा राष्ट्रिय वाणिज्य बैंकको शाखा स्थापनाको लागि नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्ने भन्ने निर्णय पारित गरियो। साथै अन्य सम्बन्धित निकायमा समेत सिफारिस गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ०८, प्रस्ताव नं. ०८ माथि छलफल गर्दा चौरपाटी गाउँपालिकाको क्षेत्र भित्र नेपाल टेलिकमको टेलिफोन तथा इन्टरनेट सेवा प्रभावकारी नभई विभिन्न समयमा समस्या रहि आएकोले चौरपाटी गाउँपालिकाका सातै वडाहरूमा 4G सेवाको टेलिफोन सेवा संचालनको लागि नेपाल टेलिकमलाई सिफारिस गर्ने निर्णय पारित गरियो। साथै सूचना तथा संचार प्रविधि मन्त्रालयमा समेत सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ०९ प्रस्ताव नं. ०९ माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिका स्थित श्री चौरमाण्डौ प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित सेवा संचालन रहेकोमा मिति २०७९ साल असार १ गते देखी इमरजेन्सी सेवा समेत संचालन गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने निर्णय पारित गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिकाका सातवटै वडाहरुमा विद्युत सेवाको पहुँच भएकोमा वडाहरुको टोल बस्तिहरुमा विद्युत सेवा विस्तार नगई सकेको हुँदा विद्युत सेवा विस्तारको लागि आवश्यक पर्ने विद्युत सामाग्री खरिद गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ११ माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिका अन्तर्गतका सबै वडामा रहेका ग्रामिण सडकहरु हालसालैको वर्षातका कारण अवरुद्ध रहेका हुँदा लागत स्टिमेट अनुसार सरसफाई गरि ~~भुक्तानी~~ सम्पन्न हुन नसकेका योजनाहरुबाट भुक्तानी हुने गरी सडक सरसफाई गर्ने निर्णय पारित गरियो।

निर्णय नं. १२, प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिकामा रहेको १५ शैयाको अस्पतालको इमरजेन्सी सेवा संचालन गर्न तथा गाउँपालिकाको सेवा संचालन गर्न तपसिल अनुसारका प्राविधिक कर्मचारी करारमा प्राविधिक कर्मचारी करार सम्बन्धी कार्यविधि, २०७८ अनुसार पदपूर्ति गर्ने निर्णय पारित गरियो।

<u>तपसिल</u>

१- H.A. – एक जना
२- अ.हे.व. – २ जना
३- अनमि – १ जना
४- अमिन – १ जना
५- हलुका स.चालक – १ जना

निर्णय नं. १३, प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिकाको एक्साभेटर हाल कामको क्रममा बिग्रिन गई अवरुद्ध भएकोमा उक्त एक्साभेटरलाई मर्मत गरी हाल सम्मको मर्मत खर्च भुक्तानी गर्दै

सञ्चालनमा ल्याउने निर्णय पारित गरियो ।

निर्णय नं. १४, प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिकामा न्यायिक कार्य सम्पादन गर्दा कानुनी तथा परामर्श सेवाको आवश्यक पर्ने भएकोले यस गाउँपालिकामा सूचिकृत कानुनी परामर्श दाताहरूबाट नियमानुसार परामर्श सेवा भुक्तानी हुने गरी कानुनी परामर्श गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १५, प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस चौरपाटी गाउँपालिका अन्तर्गत रहेका शिक्षक कर्मचारी व्यवस्थापन तथा काम सहज गर्दा सम्बन्धित कार्यालय ~~संस्था तथा व्यक्ति~~ अनुसार [illegible] गरी ~~[illegible]~~ कर्मचारी व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा आ.व. ०७९/०८० को वार्षिक बजेट, कार्यक्रम तथा सभाको अधिवेशन तयारी तपसिल अनुसार गर्ने निर्णय पारित गरियो ।

तपसिल

१– वडाका टोलबस्तिका योजना छनौट गरी वडा समितिमा पेश गर्ने — २०७९ जेठ २४ भित्र

२– टोलबस्तिका योजना प्राथमिकता गरी सिफारिस गर्ने — २०७९ जेठ २६

३– विषयगत समितिको बैठक — २०७९ जेठ २८ गते भित्र

४– बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक बसी कार्यपालिकामा सिफारिस गर्ने — २०७९ जेठ २९ गते भित्र

५– कार्यपालिकाको बैठक बसि नीति तथा कार्यक्रममा छलफल, गर्दै स्वीकृत गर्ने — २०७९ ~~जेठ~~ असार ५ भित्र

६– गाउँसभामा नीति, बजेट तथा कार्यक्रम पेश — २०७९ ~~जेठ~~ असार १० ~~भित्र~~